परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक १३ २०८० कार्तिक १२ गते आईतवार Sunday 29, OCT 2023 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।
सम्पादक

## म्याद सकिएको औषधी बिक्री गर्ने पसल संचालक सहित तीनजना प्रहरीको फन्दामा



विराटनगर । सुनसरीको बराहक्षेत्र नगरपालिका-५ कालाबञ्जार स्थितबाट निषेधित तथा म्याद गुज्रिएको औषधी बिक्री बितरण गर्ने पसल संचालक र निषेधित औषधी खरिद गर्ने २ जना गरी तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बराहक्षेत्र-५ कालाबन्जार स्थित रहेको सुभेक्षा मेडिकलबाट नियन्त्रित तथा म्याद गुज्रिएको औषधीहरु बिक्री बितरण भइरहेको भन्ने बिशेष सुचनाका आधारमा ईलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट मंगलवार खटिएको प्रहरी टोलीले औषधी बिक्री गर्ने पसल संचालक स्थानिय ५० बर्षिय विनय चौधरी तथा औषधी खरिद गर्ने बराहक्षेत्र नगरपालिका-८ का २१ बर्षिय रोमन नेपाली र बराहक्षेत्र नगरपालिका-३ का २१ बर्षिय विधान राईलाई पक्राउ गरेको थियो ।

उनिहरुको साथबाट प्रहरीले निषेधित औषधी हाईड्रोक्लोराईड र फिलिपरिन हाईड्रोक्लोराईड एन्टी कफ टेवलेट ११८१ र ३४ क्याप्सुल तथा म्याद गुज्रिएको सिरप २० पिस, क्रिम १९ पिस र क्याप्सुल तथा ट्याब्लेट गरी ६५ पिस बरामद गरेको छ ।

निषेधित तथा म्याद गुज्रिएको औषधी बिक्रि बितरण तथा खरिद गर्ने उनिहरुलाई औषधी सहित पक्राउ गरी आवश्यक कारवाहीको लागि औषधी व्यवस्था बिभागको कार्यालय बिराटनगरमा बुझाईएको छ ।

## नक्कली नोट सहित ६ भारतीय नागरिक पक्राउ

विराटनगर । झापा गाउँ पालिका-१ सितापुरीबाट नक्लकी नेपाली नोट सहित ६ जना भारतिय नागरीकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा भारत किसनगंजथानाका २४ बर्षीय अन्जर आलम, दिघलबैंक मंगोराका १९ बर्षीय अजरत अली, १८ बर्षीय महबुल हक, पुर्णियाथानाका १९ बर्षीय परवेज आलम, २२ बर्षीय साकिब आलम र २० बर्षीय आजमल हक रहेका छन् ।

भारतिय नम्बरको २ वटा मोटरसाईकलमा नेपाल आएका उनीहरुलाई ईलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा आलमको साथबाट १ हजार दरको ३ थान नेपाली नक्कली नोट बरामद भएको थियो । नक्कली नोट फेला परे संगै अन्य ५ जनाको समेत संग्लग्नता रहेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको र उनीहरुलाई समेत पक्राउ गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## स्रोत नखुलेको रकम सहित नावालक पक्राउ

विराटनगर । मोरङको विराटनगर-६ स्थितबाट स्रोत नखुलेको रकम सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको चाडपर्व बिशेष सुरक्षा योजना अनुसार प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समुहबाट परिचालन भएको प्रहरी टोलीले बिशेष सूचनाको आधारमा मंगलवार विराटनगर-६ शनि मन्दिर स्थितबाट १६ वर्षीय नावालकले पछाडि भिर्ने कालो झोलामा अवैधरुपमा बोकी ल्याउँदै गरेको अवस्थामा स्रोत

वांकी अन्तिम पेजमा...

## थाकस विराटनगरको दौडमा नम्रता र बसन्त प्रथम



विराटनगर । थारु कल्याणकारणी सभा (थाकस) विराटनगर महानगरपालिका कार्यसमितिले महान चाड वडा दशैं, गोठाले, दिपावली (शुखरात) तथा छठ पर्वको शुभ उपलक्ष्यमा गरिएको ५ किलो मिटर दौड प्रतियोगितामा महिला तर्फ नम्रता माझी र पुरुष तर्फ माझी प्रथम भएका छन् ।

त्यसैगरी महिलो तर्फ दोस्रो स्थान सुजिता माझी र तेस्रो स्थान पूजा माझीले हात पारेको छ भने पुरुष तर्फ दोस्रो स्थान फ्रान्स माझी र तेस्रो स्थान यूवराज माझीले हात पारेका छन् । उनीहरुलाई थाकसले प्रमाण पत्र सहित प्रथम हुनेलाई ५ हजार, दोस्रोलाई ४ हजार र तेस्रोलाई ३ हजार नगद प्रदान गरिएको थियो । प्रतियोगितामा थारु समुदायका १६ बर्षदेखी ३० वर्ष उमेर समुहका थारु युवायुवतीहरुले भाग लिएका थिए ।

हमर संस्कृति, हमर पहिचान, थारुके एकता आजुके आवश्यकता, थारुके एकता हमर सियाके प्रतिबद्धताका साथ गरिएको शुभकामना आदान प्रदान कार्यक्रममा थारु समुदायबाट एसईई र स्नातक तह उतीर्ण गर्ने मेधावी विद्यार्थी लाई पुरस्कार र सम्मान वितरण, मोरङ जिल्लाका थारु राष्ट्र सेवक बहालवाला र पूर्वकर्मचारी सहित बैंक, बित्तिय संस्था, प्राध्यापक, शिक्षक, ईन्जीनियर, डाक्टर, थारु साहित्यकार, लेखक, खेलाडी, व्यापारी सहित दिवंगत भएका अभियन्ताहरु, मोरङका पूर्व सभापतिहरु लगायत करीब २ सय ५० जनालाई कार्यक्रमका प्रमुख अतिथी युवा तथा खेलकुद मन्त्री माननीय डिगवहादुर

वांकी अन्तिम पेजमा...

## १५७ को भुकम्पमा परी मृत्यु

विराटनगर । जाजरकोट केन्द्रबिन्दु भइ शुक्रबार राति गएको ६.४ म्याग्नेच्युडको भूकम्पमा परी मृत्यु हुनेको संख्या १५७ पुगेको छ । शनिबार अपराह्नसम्म मृत्यु हुनेको संख्या १५७ पुगेको तथ्यांक सशस्त्र प्रहरीले संकलन गरेको छ ।

जाजरकोटमा १०५ जना र रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ । भूकम्पमा परी जाजरकोटमा १०५ जना, रूकुम पश्चिममा ५२ जना, दैलेखमा ३ जना, बैतडीमा ३ जना, जुम्लामा ५ जना, रोल्पामा १ गरी कुल २०२ जना घाइते भएको प्रहरीको रेकर्डमा छ ।

घाइतेमध्ये अधिकांशको स्थानीय अस्पताल र स्वास्थ्य चौकीमा उपचार भइरहेको छ। गम्भीर घाइतेहरूको भेरी अस्पताल नेपालगञ्ज र सुर्खेत अस्पतालमा उपचार जारी छ ।

भुकम्पमा परेर गम्भीर घाइते भएका ७ जनालाई काठमाडौं ल्याइ त्रिवि शिक्षण अस्पताल भर्ना गरिएको छ । उद्धारको काम जारी रहेको र क्षतिको विवरण संकलन भइरहेको गृह मन्त्रालयले जनाएको छ ।

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
स्वास्थ्य र शान्तीका लागि वातावरण नेपाल परिवार, प्रधान कार्यालय
विराटनगर-१०

हार्दिक मंगलमय
शुभकामना
२०७९ सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
सहमती बचत तथा ऋण सहकारी संस्था लि. परिवार, प्रगती विनायक टोल
विराटनगर-८

## न्यायकर्मी...

रटेरमात्र साध्य हुँदैन । कार्यपालिका र व्यवस्थापिकाले शक्ति सन्तुलनका हकमा कति आफ्नो अधिकारको सीमा हो भन्ने हेक्का नराख्दासम्म यो सिद्धान्तको उपयोगमा स्वत: नकारात्मक असर पर्न जानु स्वभाविकै हो ।

न्यायालय जति स्वतन्त्र हुन्छ लोकतन्त्र त्यति नै धेरै फस्टाउन पाउँछ । न्यायालय लाई स्वतन्त्र, सक्षम बनाउन, न्यायाधीशलाई निर्भीक र निष्ठावान बन्ने वातावरण र अवसर प्रदान गर्न सक्नुपर्छ ।

त्यसका लागि राज्यले तिनको क्षमता वृद्धिका निम्ति तालिम र आवश्यक सुविधा उपलब्ध गराउन सक्नुपर्छ । यस अतिरिक्त न्यायापालिकाको भौतिक संरचनामा वृद्धि गर्न आवश्यक बजेट उपलब्ध गराउन पनि जरुरी छ ।

सक्षम न्यायपालिकाको अस्तित्व कायम रहेसम्म मात्र जनताका मौलिक हक सुरक्षित हुनसक्ने हो । तिनै मौलिक हकको उपयोग भएमा जनता र मुलुकको विकास हुन सम्भव हुन्छ ।

लोकतन्त्रमा न्यायालयको छुट्टै स्थान छ । कानुनले जे भनेको हुन्छ र जे व्याख्या गर्न उचित देखिन्छ न्यायालयले त त्यही गर्ने गरेको हुन्छ । सिद्धान्तत: फरक व्यक्तिको हकमा एउटै समयमा फरक व्याख्या पनि हुन सक्दैन र एकै प्रकृतिको मुद्दामा अलगअलग व्याख्या पनि हुनु हुँदैन ।

यद्यपि, समय सापेक्ष मुद्दाहरूको व्यख्यामा परिवर्तन हुने पनि गर्छन् । उदाहरणका निम्ति अमेरिकी सर्वोच्च अदालतले रो विरुद्ध वाडेको मुद्दामा सन् १९७३ मा गर्भपतनको विषयमा महिलाले आवश्यकता पर्दा सरलतापूर्वक गर्भपतन गर्नसक्ने उसको नैसर्गिक अधिकार भएको व्याख्या गरेकामा हाल आएर ठीकविपरीत गर्भपतनमा प्रतिबन्ध लगाउने गरी सन् २०२२ मा व्याख्या भएको देखियो ।

अदालतले समय समयमा गर्ने गरेको व्याख्यालाई कहिले काहीँ नबुझेरै पनि आलोचना गर्ने गरिन्छ । न्यायालयका न्यायाधीश हरूले कपटपूर्ण तरिकाबाट कानुनलाई छोडेरै व्यख्या गरेकामा आलोचना हुनु, कारबाही हुनु स्वाभाविक पनि हो ।

तर शक्ति सन्तुलनको सिद्धान्तका पालनाको दायित्व एकतर्फीरूपमा न्यायालयले मात्र बोक्नुपर्ने हो भन्ने अवधारणा राख्ने र आलोचना गर्ने हो भने त्यो तर्क त्रुटिपूर्ण हुन्छ ।

यस सिद्धान्तप्रति सरकारमा रहेका तिनै अङ्गले सचेत हुन र अवलम्बन गर्न जरुरी छ । एक अङ्गले मात्र यसको दायित्व वहन गर्न सम्भव पनि छैन । तसर्थ, यसमा सन्तुलन शब्दको उपयोग भएको पनि छ । सन्तुलन बराबरीमा रहेमात्र सम्भव हुन्छ । एउटा अंगले सबै दायित्व अर्कोलाई बोकाएमा सन्तुलन बिग्रिनु स्वाभाविकै हो । (कार्की सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश हुन्)

## थाकस...

लिम्बुद्वारा सम्मान गरिएको थियो ।

थारु समुदायको आफ्नै भाषा, संस्कृति र पहिरनको उत्थान, हकहित र संरक्षणको उद्धेश्यसहित विक्रम सम्बत २००५ सालमा थारु काल्याणकारिणी सभा (थाकस) विधिवतरुपमा दर्ता भएको थियो । आफ्नो स्थापना कालदेखी नै थाकसले समुदाय उत्थानका विविध गतिविधि गर्दै आएको छ ।

थाकसको शुभकामना अदान प्रदान कार्यक्रममा थारु समुदायका युवा युवतीहरुले नृत्य प्रस्तुत गरको थिए । सो कार्यक्रम थाकस विराटनगरम हानगर कार्य समिति सभापति विद्यानन्द माझीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## स्रोत...

नखुलेको नेपाली रुपैया बरामद गरिएको थयो ।

स्रोत नखुलेको बरामद रकम नगद २१ लाख ८७ हजार सहित नबालकलाई पक्राउ गरेको थियो । स्रोत नखुलेको रकम नेपाली रुपैया १००० दरको १६८७ थान र ५०० दरको १००० थान सहित पक्राउ परेका उनको साथबाट प्रहरीले बलराम केसरीको नाममा रहेको कुमारी बैंक लिमिटेडको चेकबुक थान-१, रन्जित कुमार साहको नाममा रहेको एनआइसी एशिया बैकको चेकमा उमेश कुमार भगतको नाममा ८६ हजार ८ काटिएको चेक थान-१, ग्लोबल आईएमई बैक लिमिटेडमा विभिन्न मितिमा १६ लाख ६९ हजार ५ सय रुपैया जम्मा गरेको रसिद ४ थान र उनले प्रयोग गरेको प्रदेश १-०२-०४३ प ६२४१ नम्बरको पल्सर मोटरसाईकल समेत बरामद गरेको थियो ।

स्रोत नखुलेको रकम सहित पक्राउ परेका उनको जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भईरहेको छ ।

# बिल विजक विनाको अबैध गर-गहना



विराटनगर । मोरङको बिराटनगर महानगरपालिका-११ मा संचालित पशुपति ज्वेलर्शका संचालक बिश्वजित जानालाई बिल बिजक बिनाको अबैध गहना सहित प्रहरीले पक्राउ गरेको छ ।

अबैध रुपमा भारतबाट भन्सार छली गरी ल्याएर बिल बिजक बिना सुन तथा चाँदीका गर गहना बिक्री बितरण भईरहेको भन्ने बिशेष सूचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालयको प्रादेशिक अनुसन्धान समुह (रिट) बाट खटिएको प्रहरी टोलीले बिहिवार पक्राउ गरेको थियो ।

पक्राउ परेका बिश्वजितले संचालन गरेको ज्वलर्शबाट प्रहरीले १५३.८ ग्राम सुनको तयारी गर गहना र ९९ केजि ९४६ ग्राम ५ मिलिग्राम चाँदीको तयारी गर गहना बरामद गरेको छ ।

ठुलो परिणामको तयारी गहना सहित पक्राउ परेका उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागी मुल भन्सार कार्यालय रानी बिराटनगरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।


## चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पढार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पढार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं, स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पढार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पढार्थ धेरै खाँढा पचाउन गाह्रो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड






## बालबालिकाको भविष्य उज्वल बनाऔं

- बालबालिकाको पहिलो तीन वर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अवधीमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरुसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## पूर्वाधार विकास कार्यालय विराटनगर, मोरंग

### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरू बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिस्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# पिडितलाई सहयोग गरौ

जाजरको केन्द्र विन्दु बनाएर शुक्रवार मध्य राती आएको ६.४ रेक्टरका भूकम्पले मानवीय क्षतिको साथै भौतिक क्षति समेत भएको छ। सो क्षति भएको परिवारलाई सरकार, संघसंस्था र अन्तराष्ट्रिय संघसंस्था समेतले सहयोग गर्नु पर्दछ। हाम्रो मुलुकमा भूकम्प जोखिम भएकोले यसवाट समयमै सतर्कता अपनाउन पर्छ। २०७२ सालको महाभूकम्पले देशलाई धेरै कुरा सिकाउन चाहेको थियो। तर त्यो घाउँ विस्तार पुरिदै जादा राज्यले पूर्वतयारी र सजगतामा राज्यले जे-जेति हेक्का पुऱ्याउनुपर्थ्यो, हुन सकेन। त्यही कारणले जाजरकोट जाजरकोट लगायतको आममजनाले त्यसैको नीति भोगि रहको छ। भूगर्भविद्हरुले मुलुकमा ठूलो भूकम्पको सम्भावना देखाई रहको अवस्थामा समेत सरकार संचेत देखिएको छैन।

मुलुकको पश्चिमी भूभाग अझै भूकम्पको जोखिम रहेको छ। त्यसैले त्यस तर्फ तत्काल ध्यान दिन आवश्यक छ जसले गर्दा पुन त्यस्तो घटना घटेर मानवीय लगायत भौतिक बेहोर्नु नपरोस। भूकम्प मात्र यस्तो विपत्ति हो, जसलाई मानवीय प्रयासमा रोक्न/छेक्न सक्ने प्रविधि हालसम्म बनेको छैन। अव सरकारले जपान जस्तो घरहरु नढल्ने प्रविधि प्रयोग गरी घर निर्माण गर्न नियम वनाउनु पर्छ। जसले गर्दा भूकम्प आएपछि ठूलो धनजनको क्षति हुँदैन। अब बन्ने संरचनाहरु भूकम्प प्रतिरोधी बनाउन अब ढिलाई गर्नु हुँदैन। नीति नियम, कानून वनाएर व्यवहारमा लागु गर्नु पर्छ। यति बेला मुलुक र संसारभरि रहेका नेपालीको ध्यान/सहानुभूति भूकम्प पीडितहरुलाई सहयोग तर्फ ध्यान जान जरुरी छ।

भूकम्प पिडित परिवारलाई प्रत्येक नेपालीहरुले स्वेच्छाअनुसारको सहयोग गरी पिडित परिवारको घाँउमा महलम लगाउन पर्छ। मृतकका परिवारलाई राहत, प्रभावितहरूलाई गाँस-बास-कपास, घाइतेको भरपर्दो उपचार, विस्थापितको पुनर्स्थापना लगायतमा राज्यले जिम्मेवारी वाहन गर्नु पर्छ। विपदको घडीमा सम्पर्ण नेपाली दाजुभाई तथजा विदेशमा रहनु हुने दाजुभाईहरुले एकवद्ध भएर उद्धार, राहत र उपचारमा सहयोग गर्न आवश्यक छ। यो संकटको घडीमा स्थानीय सरकार, प्रदेश सरकार र संघिय सरकार मिलेर संकटको समाधानमा लाग्न आवश्य छ।

# न्यायकर्मी पनि सबै त चोखा नहुन सक्छन् !

**सुशीला कार्की**

कुनै एक सभामा मधेसीमूलका एक विद्वानले आफ्ना विचार अभिव्यक्त गर्ने क्रममा भनेका थिए - 'नेपालको अवस्था हेर्दा मुलुकमा भएको सरकारको तीनै तहको अंङ्गलाई एउटै व्यक्तिले हाँकेको देखिन्छ।'

हुनत, सरकारको कुनै पनि अंगको काम कारबाहीसँग जनता सन्तुष्ट रहेको प्रतीत हुँदैन। स्वयं न्यायालयकाबारेमा यदाकदा टीकाटिप्पणी जनसाधारणले गर्ने गरेका छन् - न्याय ढिलो भयो, न्याय निष्पक्ष हुँदैन। न्यायालय निस्क्रिय भएका कारण यो देशमा न्याय मरेको जस्तो लाग्छ।

न्यायालय त्यस्तो संस्था हो जसको दिनचर्या नै विवादबाट सुरु हुन्छ। दिनको अन्त्य पनि विवादको छलफल र हारजितको निर्णयबाटै हुनेगर्छ।

मुद्दा जित्नेले न्याय परेको महसुस गर्छ भने हार्नेले न्याय मरेको भनी तीतो पोख्ने गरेको पाइन्छ। कहिलेकाहीँ शतप्रतिशत हार्ने मुद्दामा पनि जित्ने दिवा स्वप्न बोकेर कानुन व्यवसायीको लर्को राखेर बहस गराइन्छ। सँगै भनसुनद्वारा न्यायालयमा दबाब सिर्जना गर्ने र साम, दाम, दण्ड, भेद सबै नीति अपनाउँदा समेत हारेपछि भने न्यायाधीशविरुद्ध अभिव्यक्ति नआउलान् पनि भन्न वा मान्न सकिन्न।

अर्कोतर्फ शतप्रतिशत न्याय कर्मी गंगाजलले नुहाएकै हुन्छन् भनी ठोकुवा गर्न पनि कठिन छ। कतिपय अवस्थामा इमानदार न्यायाधीशबाटै पनि तत्काल विषयगत ज्ञानको अभावको कारण मुद्दामा यथेष्ट प्रमाण पेस नभएकै कारण फैसला लेख्दा त्रुटि पनि हुनसक्छ।

यथार्थमा न्यायालयको आलोचना हुने मूल कारण भने समग्रमा देशमा देखिएको विधिसम्मत असल शासनको अभाव हुनु हो। तत्पश्चात् शक्ति सन्तुलनको सिद्धान्तलाई तिरस्कार गरी सबै निकायहरूमा कार्यपालिकाले दबाब र प्रभाव पार्ने प्रयत्न अर्को त्रुटि हो।

## न्याय परिषद् संरचना र भागबण्डा

अन्तरिम संविधान २०६३ को असार २ मा मस्यौदा कमिटी बन्दा यस पंक्तिकारलाई पनि सदस्यका रूपमा सामेल गराइएको थियो।

त्यतिखेर न्याय परिषद्को अवधारणामा व्यापक छलफल भएको थियो। विसं २०४७ को संविधानमा पाँच सदस्यीय न्याय परिषद्मा न्यायाधीशको बाहुल्य हुन्थ्यो।

प्रधानन्यायाधीशका अतिरिक्त दुई वरिष्ठ न्यायाधीश सदस्य हुन्थे भने कानुन मन्त्री र विशिष्ठ कानुनविद् सदस्य हुन्थे।

अन्तरिम संविधानमा कानुन व्यवसायीको बाहुल्य रहने गरी न्याय परिषद्को संरचना बन्यो।

न्यायाधीश नियुक्ति, सरुवा, बढुवाका सन्दर्भमा नियन्त्रण र सन्तुलनको सिद्धान्तअनुसार न्याय परिषद्मा वारका प्रतिनिधि तथा प्रधानमन्त्रीका प्रतिनिधि कानुन व्यवसायीद्वयका अतिरिक्त सरकारका प्रतिनिधि कानुनमन्त्री पनि रहने व्यवस्था बन्यो। संविधान सभाबाट पारित संविधान २०७२ मा त्यही परिपाटी यथावतै राखियो।

पूर्णत: न्यायाधीशमात्र भएका 'कलेजियम'द्वारा नियुक्ति गर्दा नियुक्तिकर्ताका भाइभतिजावाद, निकटतावाद लागु हुने त होइन भन्ने आशंका तत्काल उब्जिएको हुनसक्छ। तर हालको न्याय परिषदको कामकारबाहीबाट झन् बढी असन्तुष्टि उब्जिएका छन्।

भारतमा पाँच जना न्यायाधीशको 'कलेजियम'ले न्यायाधीश नियुक्त गर्ने गरिएकोमा पहिलेपहिले भएका नियुक्तिमा त्यहाँ पनि समस्या नआएका भने होइनन्।

भारतमा नियुक्तिकर्ता न्यायाधीशहरूले कुनै बेला आफ्ना नातागोता व्यापक रूपमा नियुक्त गर्ने प्रयास गरेकोमा बार एसोसिएसनको कडा विरोधपछि त्यस्ता नियुक्ति बदर गरिएका थिए।

अर्थात्, व्यवस्था जे जस्तो कायम भए पनि त्यसको सदुपयोग कानुनबमोजिम भएमा कुनै अड्चन आउनेछैन।

न्यायाधीश नियुक्तिमा राजनीतिक भागबण्डा हुनु, नियुक्त न्यायाधीशले दलीय शक्ति र भक्तिलाई स्वीकार गर्नु, दलको कार्यालयमा धाउनु, पदोन्नति र सुगममा सरुवाका लागि पार्टीका नेता र मन्त्रीहरूको चाकरी गर्नु न्यायिक अनुशासन भने होइन।

कानुन व्यवसायीको समूहले न्यायाधीशमा कानुन व्यवसायीको बाहुल्य रहेमात्र मुलुकमा शुद्ध न्याय नि:सृत हुनसक्ने धारणा राख्ने गर्छन्। यही सवाललाई लिएर अदालतमाथि यस समूहले बराबर दबाब दिएको भन्ने गुनासो एकपक्षको रहँदै आएको हो।

यद्यपि, यो समूह आजभोलि आफ्नो व्यवसायको हितका निम्ति एक ढिक्कासम्म नभई पूर्णत: राजनीतिक संगठनको भातृ संस्थाको रूपमा कार्यरत रहेको प्रतीत हुन्छ।

सम्भवत: त्यसैले बारले राजनीतिक क्रियाकलाप बढी गर्ने भएकै कारण न्यायाधीश नियुक्तिमा त्यस संगठनभित्र पनि दलगत भागबण्डाको संस्कृति निर्णायक भएको गुनासो अधिकांशले गर्न थालेका छन्।

तिनले भनेजस्तो गरी मुद्दाको फैसला नगरेमा न्यायाधीशले तिनीहरूबाट कटु आलोचनाको सिकार हुनुपर्ने र भरसक हठात् सरुवा गराई सुगम स्थानको बसाइ अवधि पूरा नहुँदै दुर्गममा सरुवा भई अपमानित हुनुपर्ने अवस्थासम्म देखिएको छ।

अर्कातर्फ सत्ता पक्षधर कानुन व्यवसायीहरूको लहलहैमा न्यायाधीशले कदम नचालेमा तिनै बाहुबली कानुन व्यवसायीको समूहले उचालेको भरमा सत्ताधारी नेता वर्गद्वारा महाअभियोगको सस्तो झटारोका प्रहार खेप्नुपर्ने अवस्था पनि विद्यमान छ।

भन्न जति सजिलो छ कामै गर्न र सबै कुराको सन्तुलन मिलाउन त्यति नै कठिन हुन्छ। न्यायाधीशको हातमा मात्र कलम हुन्छ। शक्ति प्रदर्शन गर्नसक्ने कुनै यन्त्र हुँदैन र हुनु पनि हुँदैन। आफूलाई मन परेको फैसला आए जिन्दावादको नारा लाग्ने, मन नपरेको फैसला भए मुर्दावादको नारा लागेको कतिपय अवस्थामा देखिएको पनि छ।

न्यायाधीशको धर्म कानुन बमोजिमको फैसला गर्नु हो। कानुनी फैसलाबाट सेवाग्राहीलाई न्याय पार्न सक्नुपर्छ। फैसला हुँदा एक पक्षको हकमा सकारात्मक र अर्को पक्षको हकमा नकारात्मक असर पर्नु स्वभाविक हुन्छ नै। त्यसलाई अन्यथा भनी व्याख्या गर्न मिल्दैन।

शक्ति सन्तुलनको सिद्धान्त न्यायालयले एक्लै पालन गरेरमात्र पनि हुँदैन। सरकारको सबै अङ्ग र निकायले यस सिद्धान्तको सम्मान गर्नु अनिवार्य हुन्छ।

हाम्रा सत्तासीन व्यक्ति अशिक्षित पनि छैनन्। सबै पढेलेखेकै छन्। यस सिद्धान्तको अपहेलना आफूलाई सजिलो अरूको हकमा अप्ठ्यारो पार्ने हेतुले जानीजानी गर्नेगरेको पाइएको छ।

नेपालको संविधान, २०७२ निर्माणपछिको दोस्रफ संसद्काल को सरकारले संविधानको प्रावधानविपरीत पटकपटक संसद विघटन गरेको थियो।

न्यायापालिकाले पहिलो प्रतिनिधि सभा विघटनलाई लिएर विस्तृत व्याख्या गर्दासमेत दोस्रो पटक दम्भको साथ विघटन गरिएको थियो।

यतिमात्र होइन न्यायालयमा विचाराधीन हिंसकभन्दा हिंसक अपराधका दोषीका मुद्दामा कानुनबमोजिमको व्याख्या अमुक व्यक्ति दोषी हो वा होइन त्यसको निर्क्योल गर्नबाट बञ्चित गराएर पहुँच भएकै आधारमा राजनीतिक इवि र द्वेषको आधारमा मुद्दा चलाइएको बहाना बनाएर कारबाही फिर्ता गर्ने नाममा मुद्दा फिर्ता लिने गरिएको बराबर देखिएको छ।

गठबन्धनका नाममा सत्ता टिकाउनैका निम्ति दोषी करार भई तीन तहको न्यायालयले सजाय गरेको व्यक्तिलाई आममाफी दिनु अनुचित हो।

तसर्थ, न्यायालयले मात्र शक्ति सन्तुलनका सिद्धान्तलाई एकहोरो

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु** होला। **भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईंकै हुने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन

# अतिरिक्त महानिरीक्षकबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको निरीक्षणका साथै निर्देशन



बिराटनगर । नेपाल प्रहरी प्रधान कार्यालय नक्शाल काठमाण्डौ, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङले कोशी प्रदेश प्रहरी कर्यालय बिराटनगरको निरीक्षण गर्नुका साथै प्रहरी कर्मचारी हरुलाई आवश्यक निर्देशन दिएका छन् ।

निरीक्षण भ्रमणको क्रममा शुक्रवार कार्यालयमा पाल्नु भएका तामाङले कार्यालयका सम्पुर्ण शाखाहरु, मेश लगायतको निरीक्षण गरी कार्यालयको सभाहलमा कार्यरत कर्मचारीहरुलाई निर्देशन दिएको हो । निर्देशनको क्रममा वाहाँले बर्तमान अवस्थामा आम नागरिकको प्रहरी प्रतिको आस्था र विश्वास एवं अपेक्षा बढ्दै गईरहेको र जनताले अब प्रहरीलाई आफ्नो प्रमुख सहयात्रीका रुपमा लिएकाले प्रहरी पनि नागरिक प्रति उत्तरदायी भई सकरात्मक सोचका साथ जनतालाई नै केन्द्रविन्दुमा राखी थप जनमुखी प्रहरी सेवा सम्पादन गर्न निर्देशन दिएका छन् ।

यसका साथै अपराध अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउन धैर्यता, लगनशीलता र उच्च व्यावसायिकताले मात्र सम्भव हुने र लैंगिक तथा घरेलु हिंसा लगायतका घटना न्यूनीकरणका लागि सामुहिक रुपमा एक्यबद्ध भई काम गर्नुपर्ने चर्चा गर्दै मानव अधिकारको संरक्षण एवं प्रवर्द्धनका विषयमा प्रहरी संगठन राज्यको कानून कार्यान्वयन गर्ने प्रमुख अंग भएकाले कुनै पनि प्रहरी कर्मचारीलाई कार्यक्षेत्रमा आफ्नो संयमता र धैर्यता गुमाउने छुट नभएको स्पष्ट पारेका थिए ।

अहिलेको प्रतिकुल अवस्थामा कालो बजारी र कृत्रिम अभाव हुन सक्ने तर्फ बिशेष चनाखो हुन र सिमावर्ती क्षेत्रहरुबाट हुन सक्ने घुसपैठ, चोरी पैठारीलाई रोक्न सिमावर्ती क्षेत्रहरुमा बिशेष ध्यान दिन समेत निर्देशन दिदै शान्ति सुरक्षा कायम राख्न अहोरात्र खटिदै आएका प्रहरी कर्मचारीहरुलाई धन्यवाद समेत दिएको थियो ।

निरीक्षण भ्रमणको क्रममा पाल्नु भएका प्रअमनि तामाङले कोशी प्रदेश प्रहरी कार्यालयको कम्पाउण्डमा बृक्षारोपन गर्नु भएको थियो भने कार्यक्रममा प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजेशनाथ बास्तोलाले धन्यवाद ज्ञापन गर्दै प्रअमनि तामाङलाई मायाको चिनो समेत प्रदान गर्नु भएको थियो । प्रअमनि तामाङले कोशी प्रदेश प्रहरी तालिम केन्द्रको समेत स्थलगत निरीक्षण गरेको थियो ।

# १७ हजारको अचार खाएर भागिन गर्लफ्रेन्ड

अहिलेको जमाना अन लाइन डेटिङको हो जसमा मानिसहरु तस्वीरमै एक अर्कालाई मन पर एर चिनापरिचय गर्छन् र सीधै खास कुरामा प्रवेश गर्छन् । यद्यपि यो अनलाइन डेटिङ कहिलेकाही निकै खतरनाक सावित हुनसक्छ । किनकि मानिसहरु एक अर्कालाई राम्रोसँग बुझ्केै हुँदैनन् र पहिलो पटक भेटघाट हुँदा नै हैरान बन्दछन् ।

जाकिर नामका एकजना युवकले पनि यस्तै परिस्थितिको सामना गर्नुपरेको छ । टिकटकमा उनले सुनाएको आफ्नो कहानीले धेर ै मानिसलाई तिनछक बनाएको छ।

धयचकत मबतभ ष्ल ब खभचथ यिलन तषभ शीर्षकमा टिकटकमा राखेको उनको भिडियोमा जाकिरले डेटिङ एप बम्बलमा सिड्नी नामकी एक महिलासँग चिनजान भएको र फोनमा धेरै कुराकानीपछि भेट्ने निर्णय गरेको उल्लेख गरेका छन्। तर पहिलो भेटमै आफू हैरान भएको भन्दै उनले डेटिङ साइटमा राखेको महिलाको तस्वीरसँग उनको वास्तविक अनुहार १० प्रतिशत पनि नमिलेको अर्थात् इन्टरनेटमा उनले अत्यधिक फिल्टरयुक्त तस्वीर र ाखेको उनको भनाइ छ।

कुराकानीका क्रममा ती महिलाले आफ्ना बच्चा नरहेको दाबी गरेकी भए पनि उनको इन्स्टाग्रामबाट भने उनी बच्चाकी आमा रहेको पुष्टि भएको पनि जाकिरले बताएका छन् ।

उनले भनेका छन्, ‘यहाँसम्म त ठिकै थियो तर मेरो टाउको त तब फनफनी घुम्यो जब हामीले डेटिंगका क्रममा रेष्टुरेन्टमा खाना खान गयौं । त्यहाँ खानासँगै उनले ५३ वटा फ्राइड अचार समेत खाइन् । वेटरले ६/६ वटा फ्राइड पिकल ल्याउँदै गयो र उनले खाँदै गइन् ।

वेटरले थोरैथोरै अचार ल्याइरहँदा उनले हकार्दै एकैपल्टमा प्लेटमा धेरै अचार ल्याउन भनेकी थिइन् । मलाई त्यो घटनाले निकै शर्मनाक महसुस भयो । तर अनौठो त के भने उनी त्यति खाएसँगै त्यहाँबाट भगिन् ।

घटनाका बारेमा जागिर भन्छन्, ‘त्यसपछि त हद नै भयो । म एकछिनका लागि वासरुम गएँ र जब फिर्ता आएँ तबसम्म उनी त सबै बिल मेरो लागि छाडेर भागिसकेकी थिइन् । र, मैले उनले खाएको त्यतिधेरै अचार को कुल १४० डलर तिर्नुपऱ्यो ।’

एजेन्सी

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

संजय बहादुर राजलवट — प्रमुख प्रशासकीय अधिकृत
दमयन्ता देवी चुडाल — नगर उप प्रमुख
श्री नागेश्वर प्रसाद सिंह — नगर प्रमुख

रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

अम्बिका प्रसाद चौलागाई — प्रमुख प्रशासकीय अधिकृत
अकली चौधरी — नगर उप प्रमुख
केदार प्रसाद गुरागाई — नगर प्रमुख

सुन्दरहरैंचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

तारा नाथ लुइटेल — प्रमुख प्रशासकीय अधिकृत
नितु थापा कोईराला — उपमेयर
दिल प्रसाद राई — मेयर

बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

शशि राई — प्रमुख प्रशासकीय अधिकृत
देवी माया काफ्ले — उप प्रमुख
मोहन प्रसाद तुम्वापो — प्रमुख

पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग, कोशी प्रदेश, नेपाल

# भन्सार छली गरी भित्र्याउँदैं गरेको समान बरामद

विराटनगर । झापा जिल्लाको बिभिन्न स्थानबाट अवैध भन्सार छली गरी नेपाल भित्र्याउदै गरेको बिभिन्न प्रकारका समानहरु प्रहरीले वरामद गरेको छ ।



कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको चाडपर्व बिशेष सुरक्षा योजना अनुसार ईलाका प्रहरी कार्यालय नकलबन्दाबाट खटिएको प्रहरी टोलीले हिजो मेचिनगर नगरपालिका-५ स्थितबाट अवैधरुपमा भन्सार छली गरी नेपाल तर्फ ल्याउदै गरेको करिव ४ लाख ५० हजार मुल्य बरावरको रेडिमेड कपडा उलनको सर्ट ९३ पिस, जम्पर ११७ पिस र फुल भेष्ट १४ पिस बुधवार बरामद गरेको थियो ।

त्यसै गरी इलाका प्रहरी कार्यालय केचनाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा बीआर ३७ डी ७९४० नम्बरको मोटरसाईकलमा भन्सार छली अवैध रुपमा नेपाल भित्र्याउदै गरेको ज्याकेट, कुर्था र बर्को समेत गरी करिव ७८ हजार ५ सय ६० रुपैया बरावरको कपडा बरामद गरेको थियो ।

सोही दिन प्रहरी चौकी पथरीयाबाट खटिएको गस्ति टोलीले कचनकवल-२ स्थितमा चेक जाँच गर्ने क्रममा भारतबाट नेपाल तर्फ अबैध रुपमा ल्याउदै गरेको करिव ७ हजार ५ सय मुल्य बरावरको बिभिन्न प्रकारका खाध्यान्नका सामग्री बरामद गरेको थियो ।

अबैधरुपमा भन्सार छली गरी नेपाल भित्र्याउदै गरेको करिव ५ लाख ३६ हजार ६० रुपैया मुल्य बरावरको सामग्रीहरु आवश्यक कारवाहीको लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाएको छ ।

त्यसैगरी कार्तिक १४ गते मोरङको बिराटनगर-१६ स्थितबाट अवैध भन्सार छलीका रेडिमेड कपडाहरु प्रहरीले बरामद गरेको छ । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको चाडपर्व बिशेष सुरक्षा योजना अनुसार कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगर, प्रादेशिक अनुसन्धान समूहबाट परिचालन भएको प्रहरी टोलीले बिराटनगर १६ स्थितबाट भन्सार छली गरी नेपाल तर्फ भित्र्याउदै गरेको लेडिज टप्स ८४ थान र लेगिज ८८ थान बरामद गरेको थियो ।

बरामद भएका करिव १ लाख २८ हजार मुल्य बरावरको रेडिमेड कपडाहरु आवश्यक कारवाहीको लागि विराटनगर भन्सार कार्यालयमा बुझाईएको छ ।

# विश्वकपमा छनौट भएको टोलीलाई १५ लाख दिने घोषणा

विराटनगर । विराटनगरस्थित नोबेल शिक्षण अस्पतालले आईसीसी टी-२० विश्वकपमा छनौट भएमा नेपाली क्रिकेट टोलीलाई १५ लाख पुरस्कार दिने भएको छ । सांसद डा.सुनिल शर्माले सञ्चालन गरेको नोबेल अस्पतालले नेपाली क्रिकेट टोलीलाई प्रोत्साहन गर्न बुधबार पुरस्कार घोषणा गरेको हो ।

विश्वकपमा छनोट हुन सफल भएमा नेपाली टोलीलाई १५ लाख र छनोटको फाइनल खेल जितेमा थप ५ लाख पुरस्कार प्रदान गरिने नोबेल अस्पतालका सञ्चालक डा.सुनिल शर्माले जानकारी दिए । 'नेपाली क्रिकेट टोलीले देशको गौरव बढाउँने गरी ऐतिहासिक सफलता हासिल गर्दै आएको छ, । डा.शर्माले भने, 'खेलाडी हरूलाई थप प्रोत्साहन गर्नका लागि पुरस्कार घोषणा गरेका हौं ।'

पुरस्कार घोषणा गरिएको जानकारीसहितको पत्र वुधवार नोबेलका प्रमुख कार्यकारी अधिकारी डा.भोगेन्द्रप्रसाद उपाध्यायले नेपाल क्रिकेट संघका अध्यक्ष चतुरबहादुर चन्दलाई हस्तान्तरण गरेका छन् । काठमाडौंमा जारी आईसीसी टी-२० विश्वकप छनोटमा सिंगापुर र मलेसियाविरुद्ध लगातार जित निकाल्दै एक खेल अगावै नेपाल सेमिफाइनल पुगिसकेको छ ।

नेपालले बिहीबार ओमनको सामना गर्नेछ । सेमिफाइनल पुगेको नेपाली क्रिकेट टोलीले फाइनल प्रवेश गरेमा आगामी वर्ष अमेरिका र क्यानडामा हुने टी-२० विश्वकप क्रिकेट खेल्न अवसर पाउनेछ ।




हार्दिक मंगलमय शुभकामना
२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

नारायण न्यौपाने, प्रमुख प्रशासकीय अधिकृत | कृष्ण कुमार पोखरेल निरौला, नगर उप प्रमुख | भुपेन्द्र कुमार लावती, प्रमुख
लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

अर्जुन निरौला, प्रमुख प्रशासकीय अधिकृत | मिना कुमारी खतिवडा, नगर उप प्रमुख | गंगा प्रसाद खरेल, नगर प्रमुख
उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरङ कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

सुवर्ण घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | अनिता कुमारी उराँउ, उपाध्यक्ष | अजमल अख्तर मिया, अध्यक्ष
भोक्राह नरसिंह गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना
२०८० सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना
- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रोहणी आचार्य, प्रमुख प्रशासकीय अधिकृत | अनिता देवी यादव, उपाध्यक्ष | ऐयुब अंसारी, अध्यक्ष
कोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सुनसरी कोशी प्रदेश, नेपाल

# ब्राउन सुगर, भारतीय सवारी साधन सहित २ पक्राउ

विराटनगर । उदयपुरको त्रियुगा नगरपालिका-१० स्थिबाट प्रतिवन्धित लागुऔषध ब्राउन सुगर सहित भारतिय नम्वरको सवारी साधन र २ जना मानिसलाई प्रहरीले पक्राउ गरेको छ ।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको चाडपर्व बिशेष सुरक्षा योजना अनुसार जिल्ला प्रहरी कार्यालय उदयपुरबाट परिचालित प्रहरी टोलीले त्रियुगा नगरपालिका-१० स्थित गैरुन कालीखोला नजिक रोकी राखेको बीआर ११ पीवी १३५५ नम्वरको स्कारपियो गाडीलाई संका लागि चेकजाँच गर्दा गाडीको गियर बक्स भित्र प्लाष्टिकको झोलामा लुकाई छिपाई राखेको २९ ग्राम २९० मिलिग्राम ब्राउन सुगर, नगद १ लाख ५४ हजार रुपैया र डिजिटल तराजु १ थान समेत बरामद गरेको हो ।





उक्त सवारी साधनबाट ब्राउन सुगर तथा नगद रुपैया बरामद भए संगै गाडी चालक भारत बिहार सुपौल भिमनगरका २७ बर्षीय जसविर कुमार मण्डल र गाडीमा सवार रहेका भारत बिरपुरका सन्तोष कुमार महतोलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

प्रतिवन्धित लागुऔषध ब्राउन सुगर, नगद रुपैया र गाडी सहित पक्राउ परेका दुबैजनाको समानित उदयपुर जिल्ला अदालतबाट म्याद गरी थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

# झापाली समाजले देखाएको भूमिका महत्वपूर्ण

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले सामाजिक र आर्थिक रूपमा झापालाई सबल र सक्षम बनाउन अन्तर्राष्ट्रिय झापाली समाजले देखाएको भूमिका महत्वपूर्ण रहेको वताएको छ ।

आइतबार बिर्तामोडमा आइतबार आयोजित अन्तर्राष्ट्रिय झापाली समाजको चौथो महाधिवेशनको उद्घाटन गर्दै मुख्यमन्त्रीकार्कीले सो कुरा वताएको हो ।



मुख्यमन्त्री कार्कीले लगानी भित्र्याउन आवश्यक पर्ने कानुन निर्माण गर्दै सँगै हिंड्न प्रदेश सरकार तयार रहेको बताउँदै झापाली समाजलाई 'डिजाष्टर टुरिजम' को क्षेत्रमा भन्दा पनि दिगो विकासका क्षेत्रमा काम गर्न आग्रह गरेका थिए ।

कार्यक्रमका वक्ताहरूले झापाको विकास र समृद्धिका लागि विभिन्न मुलुकमा रहेका झापाली मार्फत लगानी भित्र्याउनु पर्नेमा जोड दिएका छन् । समृद्ध झापा निर्माणमा विश्वभरी छरिएका झापाली हरू एकजुट हुँदै अघि बढ्ने प्रतिबद्धता जनाएका उनीहरूले आफूहरू को लगानी सुरक्षित हुनुपर्ने सर्त राखेका छन् ।

हाल विश्वका ४० भन्दा बढी मुलुकमा रहेका नेपालीलाई जोड्दै अन्तर्राष्ट्रिय झापाली समाज गठन भएको र कुनै न कुनै माध्यमबाट झापाको विकासमा लगानी गर्न आफूहरू तत्पर रहेको उनीहरूको भनाइ थियो ।

समाजको महाधिवेशनका अवसरमा शान्तिनगर स्वास्थ्य चौकी र महाभारा स्वास्थ्य चौकीलाई एक/एक थान एम्बुलेन्स उपलब्ध गराइएको थियो । जसको चाबी मुख्यमन्त्री कार्कीले हस्तान्तरण गरेका थिए ।

## स्वास्थ्य

# बेलुकाको खाना चाडै खादा फाईदै फाईदा

१. तौल नियन्त्रणमा रहन्छः यदि तपाईं तौल नियन्त्रणमा राख्न चाहनुहुन्छ भने बेलुकीको खाना चाँडै खानुहोस् । खाना खाएपछि केहीक्षण हिड्नुहोस्। जतिसुकै बढी खाना खानुहोस्, यस्तो तरिका अपनाउँने हो भने तौल बढ्दैन ।

२. छाति पोल्दैन: अधिकांश मानिसको खाना खाएपछि सिधै बेडमा जाने बानी हुन्छ। यसो गर्नाले स्वास्थ्य खराब हुन सक्छ र छाति पोल्ने समस्या आउन सक्छ । चाँडै खाना खानुहुन्छ भने यो समस्या आउँदैंन ।


३. अधिक उर्जा पाउँन सकिन्छः बेलुकाको खाना अबेर खाने हो भने बिहानको नास्ता खान त्यति मन लाग्दैन, जसबाट दिनभर उर्जाको कमी हुन सक्छ । यसविपरित चाँडै खाना खाने हो भने बिहान नास्ता राम्ररी रुच्छ र शरीरले उर्जा पाउँछ ।

४. हल्का महसूस हुन्छः यदि बेलुकाको खाना सही समयमा खाइन्छ भने अर्को दिन भोक लाग्छ र समयमै तपाईंले खाना खानुहुन्छ । रुटीनमा खाना खानाले पेट हल्का हुन्छ र ग्यासको समस्या पनि हुँदैंन ।

५. गहिरो निन्द्रा पर्छः राति ढिला खाना खानाले निन्द्रा पनि ढिलै लाग्छ र निद्रा पूरै लाग्दैन । यसविपरित चाँडै खाना खानाले निद्रा नआउने समस्या केही हदसम्म कम गर्न सकिन्छ र यसबाट शरीरको चक्र पनि व्यवस्थित हुन्छ ।

६. पाचनका लागि बढी समय उपलब्ध हुन्छः जति खाना खायो, उति नै पच्नुपनि पछ । खाना खाएपछि त्यसलाई पच्न समय लाग्छ । यदि चाँडै खाना खाने हो भने त्यसलाई पचाउने समय पनि पाइन्छ र यसबाट बिहान ताजा अनुभूति पनि हुन्छ। तर, ढिला खानाले रातभर सुतेपछि पनि पाचनप्रक्रिया चलिरहन्छ, जुन स्वास्थ्यका लागि हानिकारक हुन्छ ।

७. पेटको रोग कम हुन्छः सही समयमा खाना खानाले पूर्ण रुपमा पच्छ, यसबाट पेट सधैं सफा रहन्छ । पेट दुख्ने, ग्यास र अपचको समस्या पनि हुँदैंन। यसका अलावा छाला पनि चम्किलो हुन्छ ।




हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
श्याम सुन्दर सुतिहार (अध्यक्ष)
भिलेज, नेपाल

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
शिव रतन जोशी
जोशी एण्ड सन्स परिवार, विराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
बासुदेव ठाकुर (अध्यक्ष)
नेपाल बढई कल्याण समाज परिवार

हार्दिक मंगलमय
शुभकामना
२०८० सालको विजया दशमी शुभ दिपावली र छठ पर्वको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदी-बहिनीहरुमा सुख शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक ाय शुभकामना व्यक्त ग
राजेश कुमार शर्मा (अध्यक्ष)
भारत नेपाल सामाजिक संस्कृतिक मञ्च